## प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

## प्रदेश नं ४ पोखरा नेपाल



# प्रदेश सरकारको सय दिनको कार्य प्रगति

(मिति २०७४।११।४ – २०७५।२।१२)

# प्रदेश सरकारका सय दिन

संविधानको कार्यान्वयन र संघीयताको व्यवस्थापनको क्रममा नेपालको संविधानको धारा ६१ को उपधारा २ बमोजिम सम्बत् २०७४ साल फागुन ४ गते प्रदेश सरकारको गठन भई कार्यसञ्चालन भएको थियो। नेपालको इतिहासमा संघीय शासन प्रणाली एक नवीन अभ्यासको रुपमा रहेको र नयाँ संरचना अनुसार प्रदेश सरकारको सञ्चालनमा विभिन्न चुनौती रहेका छन्। नागरिकको जीवनस्तरमा सुधार तथा विकास र समृद्धिको अपेक्षा पुरा गर्न प्रदेश सरकार दृढ संकल्पका साथ अगाडि बढिरहेको छ । विकास र सु-शासनको जनअपेक्षालाई सम्बोधन गर्न गठन भएको प्रदेश सरकारले आफ्नो आधार स्तम्भको रुपमा विभिन्न कानून तर्जुमा , प्रदेश सरकारको नीति , कार्यक्रम र बजेट मार्फत विकासको मार्गचित्र प्रस्तुत गरिसकेको छ।

नेपालको संविधानले प्रदत्त गरेको प्रदेशको अधिकार सूची अनुसारका जिम्मेवारी पुरा गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय लगायत सबै मन्त्रालय गठन भई कार्यविभाजन नियमावली अनुसार आ-आफ्नो जिम्मेवारी भित्रका कार्यहरु सम्पादन भैरहेका छन्। नयाँ संरचना अनुसार आवश्यक पर्ने भौतिक संरचनाको व्यवस्थापन, जनशक्ति व्यवस्थापन, आवश्यक नीति तथा कानून र कार्यविधिको निर्माण गर्दै प्रदेश सरकारले आफ्ना प्रारम्भिक कार्यहरु सम्पादन गर्दै आएको छ।

प्रदेश सरकारको पहिलो अभ्यास , निर्माणाधीन प्रदेशका अस्थायी संरचना , न्यून जनशक्ति , दिशाबोध नभएको संगठन प्रणाली र कार्य संचालनको प्रक्रिया र आधार नहुँदा पनि यसको निर्माण गर्दै प्रदेशलाई अधिकार सम्पन्न र कार्यमूलक बनाउने कार्य प्रारम्भ भएको छ।

प्रदेश सरकारका सय दिन सकारात्मक रुपमा अगाडि बढिरहेको छ। संविधानले निर्दिष्ट गरेको अवधिभित्रै मुख्यमन्त्रीबाट प्रदेश सभामा विश्वासको मत लिई शुरु गरिएको नयाँ सरकारको कामले गति लिन थालेको छ। यस अवधिमा सम्पादन भएका मुख्य मुख्य कार्यहरु देहाय बमोजिम छनः

१. मिति २०७४।११।४ मा गठित प्रदेश नं ४ को प्रदेश सरकारको मन्त्रिपरिषद्को १४ वटा बैठक सम्पन्न भई ७५ वटा विषयमा छलफल तथा निर्णयहरु भएका छन्।

२. यस अवधिमा प्रदेश सभामा पेश गर्न स्वीकृति दिएका ७ वटा मसौदा विधेयक प्रदेश सभाबाट स्वीकृत भैसकेका छन् भने १७ वटा विधेयक मसौदा तर्जुमाका लागि आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट सहमति प्रदान भै १० वटा विधेयकको मसौदा तर्जुमाका लागि सैद्धान्तिक स्वीकृति प्रदान गरिएको छ। प्रदेशस्तरका केही सार्वजनिक लिखत प्रमाणीकरण कार्यविधि ऐन , आर्थिक कार्यविधि (नियमित तथा व्यवस्थित गर्न बनेको ) ऐन , स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन , मुख्यमन्त्री तथा मन्त्रीहरुको पारिश्रमिक तथा सुविधा सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन , प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सुविधा सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, प्रदेश विनियोजन ऐन र स्थानीय सभा सञ्चालन सम्वन्धी (कार्यविधि) ऐन गरी ७ वटा ऐनहरु प्रमाणीकरण भई सर्वसाधारणका लागि राजपत्रमा प्रकाशन गरिएको छ। साथै प्रदेश सभा सञ्चालन सम्बन्धी नियमावली प्रदेश सभाबाट स्वीकृत भई प्रदेश सभा पूर्ण रुपमा सञ्चालनमा आएको छ। प्रदेशको विकास प्रक्रियालाई अगाडि बढाउन प्रदेश नीति तथा योजना आयोगको गठन आदेश स्वीकृत भै सकेको छ। प्रदेश आकस्मिक कोष सञ्चालन सम्वन्धी विधेयक , स्थानीय तहको कानून तर्जुमा सम्बन्धी विधेयक र प्रदेश दुग्ध विकास बोर्ड सम्बन्धी विधेयक मन्त्रिपरिषद्बा ट स्वीकृत भई प्रदेश सभामा पेश हुने चरणमा रहेको।

३. प्रदेश सरकार गठन भएकै दिन प्रदेश सरकारको कार्य सञ्चालनलाई व्यवस्थित गर्न प्रदेश सरकार कार्यसम्पादन नियमावली र प्रदेश सरकारको कार्य विभाजन नियमावली स्वीकृत भई उक्त नियमावलीहरु कार्यान्वयनमा ल्याइएको छ। साथै प्रदेश सरकार, मन्त्रिपरिषद्का सम्पूर्ण समितिहरु गठन भै सञ्चालनमा आएका।

४. नेपालको संविधानमा व्यवस्था भए बमोजिम प्रदेश सरकारको कानूनी सल्लाहकारको रुपमा मुख्य न्यायाधिवक्ताको नियुक्ति भै सकेको।

५. मन्त्रिपरिषद्बाटट प्रदेश खोप ऐन, मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार र सेवाका शर्त सम्बन्धी विधेयक, प्रदेश सभाको सचिव र सचिवालय सम्बन्धी विधेयक, प्रादेशिक कृषि व्यवसाय प्रवर्द्धन विधेयक , प्रादेशिक सहकारी विधेयक , स्थानीय तहको कर्मचारी र कार्यालय सम्बन्धी विधेयक, कर तथा गैरकर राजश्व लगाउने र उठाउने सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक र वित्तीय समानीकरण , सशर्त, विशेष र समपुरक अनुदान सम्बन्धी विधेयक तर्जुमाका लागि सैद्धान्तिक स्वीकृति दिइएको।

६. मन्त्रिपरिषद्मा प्राप्त स्थानीय तहको केन्द्र विवाद, सीमा विवाद, प्राकृतिक स्रोत दोहन आदि गुनासो सम्वोधन गर्न ३ वटा मन्त्रीस्तरीय समिति गठन भई प्रतिवेदन प्राप्त गरी कार्यान्वयनको लागि सम्बन्धित निकायमा पठाइएको।

७. प्रदेश सञ्चित कोष सम्बन्धी कार्यविधि मन्त्रिपरिषद्बायट स्वीकृत भई प्रदेश सञ्चित कोष सञ्चालनमा आएको छ। साथै प्रदेश लेखा नियन्त्रक कार्यालय स्थापना भई कार्य सञ्चालन भएको।

८. चालु आ.ब २०७४।०७५ को नीति तथा कार्यक्रम , बजेटका सिद्धान्त र प्राथमिकता एवं बजेट प्रदेश सभामा प्रस्तुत गरी प्रदेश सभाबाट स्वीकृत भै कार्यान्वयनमा ल्याईसकिएको छ। चालु आर्थिक बर्षको बाँकी अवधिको लागि १ अर्ब २ करोड ५ लाख रुपैयाँको बजेट कार्यान्वयनमा आएको।

९. प्रदेशको समग्र विकासका लागि मुख्यमन्त्रीको अध्यक्षतामा प्रादेशिक विकास तथा सुशासन प्रबर्द्धन समिति र आन्तरिक मामिला तथा कानून मन्त्रीको संयोजकत्वमा कानून मसौदा समिति गठन गरी कार्य सञ्चालनमा ल्याइएको छ। मुख्यमन्त्रीको संयोजकत्वमा सुशासन समितिको २ वटा बैठक र अन्य २ वटा बैठक बसी प्रदेश सरकारको कार्यसंचालनलाई व्यवस्थित गर्न शुरु गरिएको।

१०. प्रदेश सरकारको कार्यसञ्चालनलाई चुस्तदुरुस्त बनाउन विद्युतीय सुशासन गुरुयोजना निर्माणको लागि आधार पत्रलाई मन्त्रिपरिषद्बाटट स्वीकृत प्रदान गरिएको।

११. प्रदेश सरकारको आगामी आ.ब. २०७५।०७६ का लागि नीति तथा कार्यक्रम तर्जुमा गर्ने, प्रदेशको आवधिक योजनाका लागि पाँच वर्षे अवधारणा पत्र तयार पार्ने कार्य अन्तिम चरणमा रहेको ।

१२. प्रदेश सरकारका मन्त्रालय , निकाय र कार्यालयको प्रारम्भिक संगठन संरचना र व्यवस्थापन सम्बन्धी अध्ययन प्रतिवेदन नेपाल सरकारलाई प्रस्ताव गरी पठाइएको। नेपाल सरकारबाट यसै अध्ययन प्रतिवेदनको आधारमा प्रदेश मन्त्रालय र निकायको संगठन संरचना स्वीकृत भएको।

१३. सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा प्रदेश सरकारका मुख्यमन्त्रीको बैठक र नेपाल सरकारका मुख्य सचिवको संयोजकत्वमा प्रदेशका प्रमुख सचिवको बैठकमा सहभागी भै प्रदेश सरकार सञ्चालन सम्बन्धमा स्पष्ट आधार तयार भएको।

१४. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन , २०७४ को व्यवस्था बमोजिम अन्तर सरकारी वित्त परिषद्मा प्रदेशका स्थानीय तहबाट दुई जनालाई प्रतिनिधि मनोनयन गरिएको। परिषद्को बैठकमा प्रदेश सरकारको तर्फबाट आर्थिक मामिला तथा योजना मन्त्रीबाट प्रतिनिधित्व भएको।

१५. प्रदेश र स्थानीय तहले सम्पादन गर्ने कार्य जिम्मेवारीमा नीतिगत सामान्जस्यता , योजना तर्जुमा र कार्यान्वयनमा रणनीतिक साझेदारी , साझा अधिकार क्षेत्रको प्रयोग , प्राकृतिक स्रोत साधनको उपयोग र बाँडफाँडमा उच्चस्तरको समन्वय कायम गर्न मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश समन्वय परिषद्को गठन गरिएको।

१६. मुख्यमन्त्रीको उपस्थितिमा कास्की र लमजुङ जिल्लाका स्थानीय तहका प्रमुख , उपप्रमुख र प्रशासकीय प्रमुखसँग चालु आर्थिक वर्षको स्थानीय तहबाट सञ्चालन भएका विकास कार्यक्रमको समीक्षा गरिएको।

१७. प्रदेशको शान्ति सुरक्षालाई मजबुत बनाउन र सुरक्षा प्रणालीलाई जवाफदेही बनाउन प्रादेशिक सुरक्षा समन्वय समितिको गठन भै कार्यान्वयनमा आएको।

१८. प्रदेश विपद् व्यवस्थापन समिति गठन भई कार्यान्वयनमा आएको । दैवी प्रकोप, महामारी र स्वास्थ्य क्षेत्रमा देखापर्ने समस्याहरुको समाधान गर्न सामाजिक विकास मन्त्रालयको स्वास्थ्य महाशाखा प्रमुखको संयोजकत्वमा Rapid Response Team गठन गरिएको । विपद् व्यवस्थापन कोषमा रु.१ करोड बजेट विनियोजन गरिएको र खोज, उद्धार र राहतको लागि मापदण्ड तयार गरिएको छ।

१९. प्रदेश स्तरका मन्त्रालयहरुको लागि आवश्यक कार्यालय भवन लगायत सामग्रीहरुको व्यवस्थापन गरिएको।

२०. भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको कार्यक्षेत्रसंग सरोकार राख्ने विभिन्न डिभिजनस्तर तथा जिल्लास्तरीय कार्यालय सँग चालु आर्थिक बर्षमा सञ्चालित कार्यक्रमहरुको समीक्षा गरिएको।

२१. प्रदेशको कार्यक्षेत्रमा पर्न आउने सहकारी संस्थाहरुको कागजात लगायत अभिलेख हस्तान्तरणको कार्यक्रम अगाडि बढाइएको। साथै नापी , मालपोत , सहकारी कार्यालयहरुसँग कार्यसम्पादनको सम्बन्धमा समीक्षा गरिएको।

२२. प्रादेशिक प्रशासनिक संरचना निर्माण को लागि स्थान पहिचान सहितको प्रतिवेदन मन्त्रिपरिषद्बाट स्वीकृत भई कार्यान्वयनको क्रममा रहेको।

२३. प्रदेशको गौरबको आयोजनाको रुपमा रहेको कोरला –पोखरा , पोखरा –दुम्किबास सडक खण्डलाई द्रुत मार्गको रुपमा निर्माण गर्न चिनियाँ कम्पनीबाट सम्भाव्यता अध्ययनका लागि मन्त्रिपरिषद्बाट स्वीकृत गरी नेपाल सरकार , अर्थ मन्त्रालयसँग सहायता परिचालनको लागि स्वीकृति माग गरिएको।

२४. प्रदेश सरकारको प्रतिबद्धता अनुसार पोखरामा अन्तर्राष्ट्रिय स्तरको बहुउपयोगी खेल मैदानको निर्माणको चिनियाँ कम्पनीबाट सम्भाव्यता अध्ययन र विस्तृत आयोजना प्रतिवेदन तयार गर्ने स्वीकृत दिने प्रयोजनका लागि प्रदेश मन्त्रिपरिषद्बाट निर्णय गरी नेपाल सरकार , अर्थ मन्त्रालयसँग सहायता परिचालनको लागि स्वीकृति माग गरिएको।

२५. प्रदेश भित्रका भौतिक पूर्वाधारसंग सम्बद्ध निकाय सँग चालु आर्थिक वर्षका कार्यक्रमको समीक्षा गरी पूर्वाधार निर्माणको कार्यलाई प्रभावकारी कार्यान्वयन गर्नका लागि निर्देशन दिइएको।

२६. मध्य पहाडी लोकमार्ग को सुन्दर बजार लमजुङ्ग खण्डमा सडक निर्माणको क्रममा भएको अवरोध समाधानको लागि स्थलगत अध्ययन र सरोकारवालासंग छलफल गरी समाधानको उपायको सिफारिस सहितको प्रतिवेदन मन्त्रिपरिषद्बाट स्वीकृत गरी नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालय र पुष्पलाल मध्यपहाडी लोकमार्ग आयोजना कार्यालयमा पठाइएको ।

२७. प्रदेश भित्रका भौतिक पूर्वाधार विकासका लागि योजना पहिचान गरी परियोजना बैंक तयार गरिएको।

२८. यातायात व्यवस्थाको सेवा प्रवाहमा चुस्तता ल्याउन सवारीचालक अनुमतिपत्र वितरण र नवीकरण सम्बन्धमा यातायात व्यवस्था कार्यालयमा अनुगमन गरी सेवा प्रवाहलाई थप साधन र जनशक्ति व्यवस्थापन गरी प्रभावकारी बनाइएको।

२९. सडक विभाग र स्थानीय तह बाट पहिचान गरी संचालन गरिएका सडक आयोजनाहरुको तथ्याङ्क संकलन गरी संभावित प्रदेशस्तरीय सडक संजाल को खाका तयार गरिएको।

३०. आगामी दुई बर्षमा **"उज्यालो प्रदेश"**को लक्ष्य प्राप्तिको लागि उज्यालोबाट बञ्चित स्थानहरु र विद्युतीय काठे पोलहरुको तथ्याङ्क संकलन गरी प्रारम्भिक लागत अनुमान तयार गरिएको।

३१. ग्रामीण पर्यटन विकास तथा प्रवर्द्धनका लागि प्र देशभित्र हाल संचालनमा रहेका होम स्टेको विवरण संकलन भएको।

३२. स्थानीय तहबाट **"एक स्थानीय तह एक उद्योग ग्राम "** कार्यक्रम अन्तर्गत उद्योग ग्राम स्थापनाका लागि २६ स्थानीय तहबाट जग्गा पहिचान भएको।

३३. आगामी दुई वर्षमा प्रदेश भित्रका घरधुरीमा आधारभूत खानेपानी पुर्याउन का लागि आधारभूत खानेपानी नपुगेका स्थानहरुको प्रारम्भिक तथ्याङ्क संकलन गरिएको ।

३४. प्रदेश भित्र स्वास्थ्य क्षेत्र का समस्याको समाधानका लागि तत्काल र दीर्घकालिन नीति बनाई सम्बोधन गर्न सामाजिक विकास मन्त्रालयमा समिति गठन गरिएको।

३५. प्रदेश भित्र शिक्षा क्षेत्रमा गर्नुपर्ने सुधारका लागि तत्काल सुधार योजना तयार गरिएको।

३६. प्रदेशका सबै सरकारी भवन, सडक लगायतका अन्य भौतिक संरचनामा अपांगमैत्री बनाउने गरी निर्माण गर्ने नीति लिइएको।

३७. प्रदेशका मुख्यमन्त्रीबाट मित्रराष्ट्र भारतका महामहिम प्रधानमन्त्री नरेन्द्र मोदीलाई मुस्ताङ जिल्लामा स्वागत र भ्रमणको व्यवस्थापन गरिएको।

३८. मुख्यमन्त्री र मन्त्रिपरिषद्का सदस्यहरुबाट प्रदेश भित्रका विकास आयोजनाहरुको स्थलगत अवलोकन, निरीक्षण, अनुगमन र निर्देशन दिने कार्य भएको।

३९. प्रदेश सरकारका नीति तथा कार्यक्रमको  कार्यान्वयनको प्रगति मुल्याङ्कन गर्न ढाँचा स्वीकृत गरिएको छ। साथै नियमित रुपमा प्रत्येक महिनाको ५ गते बस्ने गरी अनुगमन मुल्याङ्कनको लागि ६ वटा सचिव वैठक सम्पन्न भएको।

४०. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आर्थिक मामिला तथा योजना मन्त्रालय र सामाजिक विकास मन्त्रालयमा कर्मचारीहरुको हाजिरीको लागि E-attendance को व्यवस्था गरिएको।

४१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालयको वेभसाईट निर्माण भई सञ्चालनमा आएको।